नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई
**जिल्ला आयोजना कार्यान्वयन इकाई**
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
धुलिखेल, काभ्रेपलाञ्चोक

पत्र संख्या: २०७५/०७६
च.नं.: 966

मिति: २०७५।०५।२८

श्री सबै नगरपालिका कार्यालय, काभ्रेपलाञ्चोक ।

श्री सबै गाउँपालिका कार्यालय, काभ्रेपलाञ्चोक ।

विषय: **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ज्वागल, ललितपुरको च.नं. १४३ मिति २०७५।०५।२० को पत्रानुसार प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा बसेको पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ११० औं वैठकको निर्णय नं. १० मा "वास्तविक भूकम्प पीडितले छुट भएको उचित र वास्तविक प्रमाण सहित गुनासो दर्ता गर्न आएमा सोको वस्तुनिष्ठ आधार सहित छानविन गरी लाभग्राहीको सूचीमा समावेश गर्न सिफारिस गर्नका लागि सबै जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लाई निर्देशन दिने" भनी उल्लेख भएको हुँदा वास्तविक भूकम्प पीडितले छुट भएको उचित र वास्तविक प्रमाण सहित गुनासो दर्ता गर्न आएमा त्यस स्थानीय तहको सिफारिस (पछि फरक नपर्ने गरी) सहित यस इकाईमा गुनासो दर्ता गर्न यथाशिघ्र पठाइदिनुहुन उक्त पत्रको छायाँप्रति तथा निर्णयको प्रतिलिपी यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

..........................................
(लोकनाथ रेग्मी)
आयोजना प्रमुख

लोक नाथ रेग्मी
आयोजना व्यवस्थापक

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर

मिति: २०७५/५/२०

प.सं. २०७५/०७६

च.नं. १४३

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई ,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
सिन्धुपाल्चोक, गोरखा, काठमाण्डौ, भक्तपुर, नुवाकोट, ललितपुर, रसुवा, दोलखा, काभ्रेपलान्चोक, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्वु, चितवन, कास्की, नवलपरासी, लम्जुङ्ग, तनहुँ, अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, पर्वत, वाग्लुङ्ग, र म्याग्दी ।

विषय : <u>निर्णय कार्यान्वयन सम्बन्धमा ।</u>

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कर्मचारी प्रशासन शाखाको प.सं. २०७४/०७५, च.नं. ३९९, मिति २०७५।५।१० को पत्रानुसार प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा बसेको पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ११० औं बैठकको निर्णयको निर्णय नं. १० को निर्णयानुसार "वास्तविक भूकम्प पीडितले छुट भएको उचित र वास्तविक प्रमाण सहित गुनासो दर्ता गर्न आएमा सोको वस्तुनिष्ठ आधार सहित छानविन गरी लाभग्राहीको सूचीमा समावेश गर्न सिफारिस गर्नका लागि सबै जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लाई केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मार्फत निर्देशन दिने" प्रस्ताव स्वीकृत भए बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

पुनश्च : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पत्र र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको ११० औं बैठकको निर्णय नं. १० को निर्णय समेतको छायाँप्रति (पाना-२) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

०७५/५/२०

..............................

(नारायण प्रसाद श्रेष्ठ)

आयोजना उप-निर्देशक

**बोधार्थ :**

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ।

निर्णय नं. १०

निजी आवास अनुदान कार्यक्रम अन्तर्गत लाभग्राही सूचीमा नाम नपरेका व्यक्तिहरुको असिमितरुपमा गुनासो आउने क्रम नरोकिएको तथा वास्तविक पीडितहरुले अझैपनि गुनासो दर्ता गर्न नपाएको भन्ने जनगुनासो आएको सन्दर्भमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ९१औं बैठकको निर्णयले भूकम्पपीडितहरुलाई गुनासो दर्ता गर्ने म्याद २०७४ साल मंसिर मसान्तसम्म तोक्ने निर्णय गरेको र सो अनुसार सार्वजनिकरुपमा विभिन्न पत्रपत्रिका तथा संचारमाध्यमबाट व्यापक प्रचारप्रसार गराई गुनासो दर्ता गराइएको । उक्त म्यादभित्र पनि केही गुनासो दर्ता गर्न छुट भएको भन्ने अझैपनि विभिन्न माध्यमबाट जानकारी आइरहेको एवं ललितपुर जिल्ला, गोदावरी नगरपालिका, वडा नं. १, ललितपुर बस्ने मदनध्वज कार्कीको तोकिएको समयसीमाभित्र गुनासो दर्ता गर्न छुट भएको निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिश प्राप्त भएको छ ।

सचिव

भूकम्पबाट क्षति भएको सबै घर पुनर्निर्माण गर्न प्रति लाभग्राही ३ लाख अनुदान दिने र कुनैपनि कारणले कोही पनि भूकम्प पीडित लाभग्राही हुनबाट वञ्चित नहुन भन्ने सरकारी नीति रहेको छ । कोही भूकम्प पीडित विभिन्न कारणले लाभग्राहीको सूचीमा नपरेका र गुनासो दर्ता गर्न पनि छुटेकोलाई लाभग्राहीको सूचीमा समावेश गर्नु न्यायोचित हुने नै छ ।

यसरी छुट हुनगएको भनिएका भूकम्पपीडितहरुलाई लाभग्राही सूचीमा संलग्न गर्ने सम्बन्धमा कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

वास्तविक भूकम्प पीडितले छुट भएको उचित र वास्तविक प्रमाणसहित गुनासो दर्ता गर्न आएमा सोको वस्तुनिष्ठ आधार सहित छानविन गरी लाभग्राहीको सूचीमा समावेश गर्न सिफारिश गर्नका लागि सबै जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लाई केन्द्रीय आयोजना कर्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मार्फत निर्देशन दिने ।